मिति **२०७५।०८।२६**

आज मिति २०७५ साल मङसिर २६ गतेका दिन नेपालको संविधानको धारा २१६ अनुसार गठन भएको मेचीनगर नगर कार्यपालिकाको बैठक नगरपालिकाका श्रीमान् प्रमुख श्री विमल आचार्यज्यूको अध्यक्षतामा श्रीमान् उप प्रमुखज्यू र नगर कार्यपालिकाका देहायका सदस्यज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायानुसार निर्णय गरियो ।

**उपस्थिति**

प्रमुख श्री विमल आचार्य, मेचीनगर नगरपालिका

उप प्रमुख श्री मीना पोखेल उप्रेती, मेचीनगर नगरपालिका

वडा अध्यक्ष श्री पासाङ्ग तामाङ्ग, वडा नं. १

वडा अध्यक्ष श्री तिलक न्यौपाने, वडा नं. २

वडा अध्यक्ष श्री हर्कबहादुर बस्नेत, वडा नं. ३

वडा अध्यक्ष श्री नवीन बराल, वडा नं. ४

वडा अध्यक्ष श्री योगेन्द्र थापा, वडा नं. ५

वडा अध्यक्ष श्री ललित तामाङ्ग, वडा नं. ६

वडा अध्यक्ष श्री चन्दन मेचे, वडा नं. ७

वडा अध्यक्ष श्री विकेन्द्र धिमाल, वडा नं. ८

वडा अध्यक्ष श्री गोपाल खड्का, वडा नं. ९

वडा अध्यक्ष श्री सुवेश पनेरु, वडा नं. १०

वडा अध्यक्ष श्री सन्तोषकुमार मेचे, वडा नं. ११

वडा अध्यक्ष श्री नरेन्द्र धिमाल, वडा नं. १२

वडा अध्यक्ष श्री कृष्ण सिग्देल, वडा नं. १३

वडा अध्यक्ष श्री शंकर पोखरेल, वडा नं. १४

वडा अध्यक्ष श्री गुणराज भट्टराई, वडा नं. १५

कार्यपालिका सदस्य श्री कृष्ण कनाल, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री टीकारमा सार्की मगराँती, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री पूर्ण मेचे, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री विन्दा प्रसाईं, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री कुश्मीकुमारी चौधरी, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री लक्ष्मी पाखीन, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री रुपा गुरुङ्ग, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री निर्मला परियार, मेचीनगर नगरपालिका

सचिव श्री महेन्द्रकुमार खाम्याहाङ्ग, प्रमुख प्रशासकीय अधिकृत

**अन्य उपस्थिति**

१. श्री अनन्तप्रकाश वस्ती, वरिष्ठ प्रशासकीय अधिकृत (आठौँ तह)

२. श्री विक्रम लिम्बू, प्रशासकीय अधिकृत

३. ई. श्री कमलप्रसाद कोइराला, अधिकृत (सातौँ तह)

**निर्णय नं. १.** मेचीनगर नगरपालिकाका सबै वडाहरुमा सरसफाइ गुरु योजना, २०६८ ले तोकेका मापदण्डहरुको आधारमा खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्न तोकिएका सबै मापदण्डहरु पूरा भइसकेको सन्दर्भमा जिल्ला समन्वय समिति, झापाका प्रमुख श्री सोमनाथ पोर्तेलज्यूको प्रमुख आतित्थ्यतामा खानेपानी तथा सरसफाइ मन्त्रालय, जिल्लास्थित सम्बद्ध कार्यालय, पत्रकार, सरोकारवाला, शिक्षक तथा नगरपालिकाका सम्पूर्ण जनसहभागिता रहने गरी मेचीनगर नगरपालिका वडा नं. ६ को वडा कार्यालयको प्राङ्गणमा मिति २०७५।०८।२७ गतेका दिन विहान १०.०० मेचीनगर नगरपालिकालाई खुल्ला दिशा मुक्त नगरपालिका घोषणा गर्न तथा प्रतिबद्धता पत्रमा हस्ताक्षरसमेत गर्न विशेष समारोह आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २.** उल्लिखितअनुसारको कार्यक्रम सञ्चालन गर्दा आवश्यक पर्ने खर्च मिल्दो कार्यक्रम शीर्षकबाट भुक्तानी हुन निर्णय गरियो ।

**मिति २०७५।०९।०३**

आज मिति २०७५ साल पुष ३ गतेका दिन नेपालको संविधानको धारा २१६ अनुसार गठन भएको मेचीनगर नगर कार्यपालिकाको बैठक नगरपालिकाका श्रीमान् प्रमुख श्री विमल आचार्यज्यूको अध्यक्षतामा श्रीमान् उप प्रमुखज्यू र नगर कार्यपालिकाका देहायका सदस्यज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायानुसार निर्णय गरियो ।

**उपस्थिति**

प्रमुख श्री विमल आचार्य, मेचीनगर नगरपालिका

उप प्रमुख श्री मीना पोखेल उप्रेती, मेचीनगर नगरपालिका

वडा अध्यक्ष श्री पासाङ्ग तामाङ्ग, वडा नं. १

वडा अध्यक्ष श्री तिलक न्यौपाने, वडा नं. २

वडा अध्यक्ष श्री हर्कबहादुर बस्नेत, वडा नं. ३

वडा अध्यक्ष श्री नवीन बराल, वडा नं. ४

वडा अध्यक्ष श्री योगेन्द्र थापा, वडा नं. ५

वडा अध्यक्ष श्री ललित तामाङ्ग, वडा नं. ६

वडा अध्यक्ष श्री चन्दन मेचे, वडा नं. ७

वडा अध्यक्ष श्री विकेन्द्र धिमाल, वडा नं. ८

वडा अध्यक्ष श्री गोपाल खड्का, वडा नं. ९

वडा अध्यक्ष श्री सुवेश पनेरु, वडा नं. १०

वडा अध्यक्ष श्री सन्तोषकुमार मेचे, वडा नं. ११

वडा अध्यक्ष श्री नरेन्द्र धिमाल, वडा नं. १२

वडा अध्यक्ष श्री कृष्ण सिग्देल, वडा नं. १३

वडा अध्यक्ष श्री शंकर पोखरेल, वडा नं. १४

वडा अध्यक्ष श्री गुणराज भट्टराई, वडा नं. १५

कार्यपालिका सदस्य श्री कृष्ण कनाल, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री टीकारमा सार्की मगराँती, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री पूर्ण मेचे, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री विन्दा प्रसाईं, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री कुश्मीकुमारी चौधरी, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री लक्ष्मी पाखीन, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री रुपा गुरुङ्ग, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री निर्मला परियार, मेचीनगर नगरपालिका

सचिव श्री महेन्द्रकुमार खाम्याहाङ्ग, प्रमुख प्रशासकीय अधिकृत

**अन्य उपस्थिति**

१. श्री विक्रम लिम्बू, प्रशासकीय अधिकृत

**निर्णय नं. १.** नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय सरसफाई गुरुयोजना, २०६८ मा निर्धारित सूचक पूरा भई यस मेचीनगर नगरपालिकालाई मिति २०७५।०८।२७ गतेका दिन जिल्ला समन्वय समिति, झापाका प्रमुख श्री सोमनाथ पोर्तेलज्यूको प्रमुख आतिथ्यता र खानेपानी तथा सरसफाई मन्त्रालयको सह सचिवज्यू लगायत आम सरोकारवालाको सहभागिता र उपस्थितिमा मेचीनगर नगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा भइसकेको हुँदा सो प्रति सबैले आत्मगौरव गर्दै सो को प्रभावकारी निरन्तरताको लागि देहायानुसारको नगरस्तरीय तथा वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्न निर्णय गरियो । साथै समितिको कार्यविधि समिति स्वयम्ले निर्धारण हुन समेत निर्णय गरियो ।

**क. नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति**

१. संयोजक, प्रमुख

२. सह संयोजक, उप प्रमुख

३. सदस्य, वडाअध्यक्षहरुमध्येबाट २ जना

४. सदस्य, नगर कार्यपालिकाका विषयगत समितिका संयोजकहरु

५. सदस्य, खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका ३ जना अध्यक्षहरु

६. सदस्य, प्रमुख प्रशासकीय अधिकृत

७. सदस्य, धुलावारी स्वास्थ्य केन्द्रका प्रमुख

८. सदस्य, १ जना नगर क्षेत्रका क्याम्पस प्रमुख

९. सदस्य, २ जना प्र. अ. हरु (सामुदायिक तथा सँस्थागत माध्यमिक विद्यालय)

१०. सदस्य, स्वास्थ्य शाखा संयोजक, नगर कार्यपालिकाको कार्यालय

११. सदस्य, पूर्वाधार विकास शाखा

१२. सदस्य, इलाका प्रहरी कार्यालय काँकडभिट्टाका प्रमुख

१३. सदस्य, पत्रकारहरुमध्ये १ जना

१४. सदस्य, स्थानीय सशस्त्र प्रहरी बलको गुल्म वा गणका प्रमुख

१५. सदस्य, उद्योग वाणिज्य संघ

१६. सदस्य सचिव, नगर कार्यपालिकाको कार्यालयको वातावरण शाखा हेर्ने प्रमुख,

**ख. वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति**

१. सम्बन्धित वडाको वडा अध्यक्ष, संयोजक

२. वडामा रहेका कार्यपालिका सदस्यहरु, सदस्य

३. सम्बन्धित वडाका वडा सदस्यहरु ४ जना सदस्य

४. सम्बन्धित वडाको स्वास्थ्य सँस्थाका प्रमुख सदस्य

५. सम्बन्धित वडाका कक्षा ९ र १० सञ्चालन भएका माध्यमिक र आधारभूत विद्यालयका प्र. अ. हरु कम्तीमा ३ जना, सदस्य

६. सम्बन्धित वडामा रहेका नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका इकाइ तथा पोष्टका प्रमुखहरु, सदस्य

७. औषधि व्यवसायीमध्ये १ जना, सदस्य

८. स्थानीय उद्योग वा चिया कमानको तर्फबाट ३ जना, सदस्य

९. टोल बस्ती संगठनका अध्यक्ष २ जना, सदस्य

१०. सम्बन्धित वडा कार्यालयको सचिव, सदस्य सचिव

उल्लिखित समितिहरुलाई नगर कार्यपालिका, कार्यालय, पदाधिकारी तथा नगर क्षेत्रमा रहेका सम्पूर्ण सार्वजनिक सेवा प्रवाह गर्ने सरकारी तथा गैरसरकारी कार्यालयहरुबाट तोकिएको कार्यसम्पादन गर्न सहयोग गर्न अनुरोध गर्ने निर्णय गरियो । साथै अब उप्रान्त अनुगमन गर्दा चर्पी बाहिर दिशा गरिएको भेटिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथत फोहरमैला व्यवस्थापन नियमावली, २०७० मा भएको व्यवस्थाको समेत आधारमा पहिलो पटकलाई अभिलेख राखी सचेत गराउने र दोश्रो पटक भएमा व्यक्तिलाई रु. २००।०० र सार्वजनिक सवारी साधन भए रु.५००।०० तथा त्यसपछि पटकैपिच्छे क्रमशः रु. ५००।०० र रु. १,५००।०० जरिवाना गरी सोको विवरण नगरपालिकाको वेभसाइटबाट सार्वजनिक गर्ने र त्यसरी खुल्लारुपमा दिशा गर्दैरहेको व्यक्तिको सूचना दिने व्यक्तिको सूचकलाई निजको पहिचान गोप्य राखी जरिवाना रकमको २०% रकम प्रोत्साहन वापत उपलब्ध गराउन समेत निर्णय गरियो ।

**निर्णय नं. २.** मेचीनगर नगरपालिकाको हालको भूगोल र सिमाना अन्य स्थानीय तहसँग प्रष्टरुपमा छुट्टिने र पहिचान हुने गरी सन्देशमूलक विषय राखी १ महिनाभित्रमा होर्डिङ्गबोर्ड लगायत व्यवस्थापन गर्न वाञ्छनीय भएको हुँदा सो कार्य सम्पादन गर्न आवश्यक पर्ने बजेट कार्यालयको मिल्दो बजेट शीर्षकबाट खर्च लेखी कार्यसम्पन्न भएको प्रतिवेदन कार्यपालिका बैठकमा पेश गर्न कार्यालयलाई निदेशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** पूर्व पश्चिम लोकमार्गको काँकडभिट्टादेखि देउनिया खोलासम्म र  मेची लोकमार्गको नगर क्षेत्रमा पर्ने सडक खण्ड आसपास हालको सरसफाइको अवस्था सुधार गर्न सकेको अवस्थामा नगरको सुन्दर र सभ्य पहिचान मुलुकभरि नै विस्तार भई नगरको गौरव कायम हुने भएको हुँदा सम्बन्धित वडा समितिका पदाधिकारीहरुले कर्मचारीहरु र स्थानीय जनताहरु समेत परिचालन गरी नगरपालिकाको फोहर संकलन गर्ने सवारी साधन प्रयोग गरी सफा शहर बनाउन आआफ्नो तहबाट सक्रिय भई कार्य गर्ने साथै आफ्नो वडा क्षेत्रको पुल र नदी, खोला खोल्सी तथा सार्वजनिक शौचालय सफा राख्ने, राख्न लगाउने कार्यसमेत गरी सहज सार्वजनिक व्यवस्थापन र बस स्टप समेतको व्यवस्थापन सबैले ध्यान दिई सडक दूर्घटनाबाट हुने जोखिम कम गर्न आआफूले सजगता अपनाउन निर्णय गरियो । साथै  सवारी पार्किङ्गको व्यवस्थापन तथा बजेट बारे नगर सभाबाट हुने गरी निर्णय गरियो ।

**निर्णय नं. ४.** भारतर्फबाट नेपाल प्रवेश गर्ने मेची नदीमा नयाँ पुल निर्माण गर्दा विस्थापन हुने ४४ घर परिवारको मुआव्जा र बन्दोबस्तीको लागि हालसम्म श्रीमान् प्रमुखज्यू, श्रीमान् उप प्रमुखज्यू र यस क्षेत्रका माननीय प्रदेश सभा र प्रतिनिधि सभाका सदस्यज्यूहरुले नेपाल सरकार अन्तर्गतका मन्त्रालय र पदाधिकारी समक्ष गर्नुभएको पहलको बारेमा बैठकमा जानकारी भयो । विस्थापित हुने ४४ जना घरवाला व्यक्तिहरुको विवरणलाई विश्वासनीय र पारदर्शी अभिलेख राख्न नगरपालिकाको वेवसाइटमा विवरण सार्वजनिक गर्न निर्णय गरियो ।

**निर्णय नं. ५.** चालु आ. व. २०७५।०७६ को लागि गत नगर सभाबाट स्वीकृत आयोजनाहरु हाल कार्यान्वयनको चरणमा रहेकोमा जटिल प्राविधिक प्रकृतिको कामबाहेक वडास्तरीय आयोजनाहरु सञ्चालन गर्न उपभोक्ता समिति गठन भइरहेकोमा सबै उपभोक्ता समितिहरु गठन गरी २०७६ पुष तेश्रो हप्ताभित्र उपभोक्ता समितिको तालिम समेत सञ्चालन गरिसक्न तथा सशर्त कार्यक्रमको निर्देशिकामा तोकेको भए सोही निर्देशिकाअनुसार हुने गरी र नतोकेकोमा सशर्त वा निःशर्त बजेट अनुदानका भौतिक पूर्वाधारका आयोजनाहरुमा रु. ५,००,०००।०० वा सोभन्दा माथिका आयोजनामा नगरपालिकाबाट निकासा हुने (उपभोक्ताको लागतबाहेक) मा २% रकम आयोजना व्यवस्थापन खर्च राखी स्थानीय वाणिज्य बैंक ( NIC/ ASIA , Global IME वा अन्य यस्तै बैंक )मा अधिकार प्राप्त अधिकारी र चालु खर्च खाता सञ्चालन गर्ने लेखाको कर्मचारीको संयुक्त दस्तखतमा खर्च खाता खोली आयोजना कार्यान्वयन गर्न आवश्यक प्राविधिक उपकरण खरिद, प्राविधिक कर्मचारी ज्यालादारी वा सेवा करारमा जनशक्ति व्यवस्थापन खर्च, स्टेसनरी, फिल्ड भत्ता, अनुगमन खर्च, विविध र साधारण चालु खर्च तथा इन्धन र दै. भ्र. भ. समेत आदिमा खर्च गर्ने र आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभएको रकम सञ्चित कोष खातामा दाखिला गर्न निर्णय गरियो । साथै यस कोषबाट गरिएको खर्चको विवरण मासिकरुपमा कार्यपालिकामा पेश हुन निर्णय गरियो ।

**निर्णय नं. ६.** नगरपालिकाको वारुण यन्त्र सञ्चालनमा सोही प्रयोजनको लागि नियुक्त कर्मचारी विविध कारण सेवा निवृत्त भई हाल २ जना मात्र रहेको र सोको लागि कुचिकार समेत प्रयोग भएबाट अन्य सेवा प्रवाहमा बाधा परेको

हुँदा गतसाल नै बारुणयन्त्र सञ्चालनको निम्ति करार सेवामा जनशक्ति व्यवस्थापन गर्न विज्ञापन भई स्थगित भएकोमा सो विज्ञापनलाई निम्न शर्तमा पुनः क्रियशील गराई सेवा करारमा जनशक्ति व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई तत्काल कार्य सम्पादन गर्न निर्देशन दिने निर्णय गरियो ।

**निम्न**

१. पदपूर्ति गर्ने दरबन्दी १२ कायम गर्ने,

२. पुनः दरखास्त दिन पाउने म्याद थप १० दिन थप गर्ने,

३. उम्मेदवार नेपाली नागरिक, सेवा निवृत्त सेना वा प्रहरी भई ५० वर्ष उमेर नकटेको,

४. शारीरिकरुपमा तन्दुरुस्त भएको,

५. मोटर साइकल वा अन्य सवारी साधन चलाउने लाइसेन्स भएकोलाई प्राथमिकतामा राख्ने ।

उक्त कार्य देहायको समितिबाट सम्पादन गर्ने निर्णय गरियो । समितिको कार्यविधि समिति स्वयम्ले निर्धारण गरेअनुसार हुनेछ ।

१. प्रमुख प्रशासकीय अधिकृत, संयोजक

२. लोकसेवा आयोग इलाम कार्यालयको अधिकृत प्रतिनिधि, सदस्य

३. प्रशासन शाखा प्रमुख सदस्य

समितिले कार्यसम्पादन गर्न समितिले नै विज्ञ आमन्त्रण गर्न सकिनेछ ।

**निर्णय नं. ७.** एकीकृत सम्पत्ति कर प्रयोजनको लागि हाल बहुदर प्रणालीमा साविक मूल्यांकन सच्याउन कार्यालयमा करदाताबाट निवेदन आइरहेको सन्दर्भमा नगर सभाबाट कानुन बनाई कार्यान्वयन भइरहेको अवस्थामा सो कार्य व्यावहारिक र उचित नहुने हुँदा आगमी नगर सभाबाट निर्णय हुने गरी नगर कार्यपालिकाको आर्थिक विकास समितिले राजस्व शाखाको अभिलेखको अध्ययन तथा विश्लेषण गरी नगर कार्यपालिकामा पेश गर्ने र सो समयसम्म यस्ता निवेदनलाई स्थगन गर्ने र आगमी आ. व. को लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ र ५६ अनुसार सम्पत्ति कर र भूमि कर (मालपोत) लिने व्यवस्थापन गर्न तयारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**. मेचीनगर नगर कार्यपालिकाको कार्यालयमा रहेको पुरानो, मर्मत गर्न नसकिने र मर्मत गरेर सञ्चालन गर्न किफायति नहुने सवारी साधन, फर्निचर लगायतका सामग्रीहरु जिन्सी प्रतिवेदन समेतका आधारमा लिलाम गर्न देहायको अभिलेखीकरण समितिको प्रतिवेदनको आधारमा लिलाम गरी जिन्सी व्यवस्थापन तथा अद्यावधिक कार्य चुस्त र दुरुस्त राख्ने कार्य हुन निर्णय गरियो । साथै कार्यपालिकाले तोकेको दर रेटका आधार लिई सारभूत रुपमा अन्यथा नहुने गरी लिलाम कार्य सम्पन्न गर्न निर्णय गरियो ।

**तपसिल**

१. का. पा. स. श्री पूर्ण मेचे, संयोजक

२. का. पा. स. श्री निरु परियार सदस्य

३. लेखा अधिकृत श्री पदमबहादुर कार्की, सदस्य

४. शाखा अधिकृत श्री विक्रम राई सदस्य

५. जिन्सी इकाई श्री प्रेमप्रसाद पराजुली सदस्य

**निर्णय नं. ९.** यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०७५।०८।०४ गतेको बैठकको सिफारिससमेतको आधारमा निम्नअनुसार हुन निर्णय गरियो ।

१. विद्यालयको सुरक्षणवापत राख्नुपर्ने धरौटी रकम हाललाई संघीय शिक्षा नियमावलीमा तोकिएअनुसार नै धरौटी राख्ने र कक्षा ११ र १२ मा क्रमशः थप गर्दै लगी रु. ५,००,०००।०० कायम गर्ने ।

२. चालु आ. व. २०७५।०७६ मा नगरपालिकाबाट थप सुविधावापत आधारभूत तहका सहयोगी कर्मचारी लेखिएकोमा प्राथमिक तहका सहयोगी कर्मचारी कायम गर्नुपर्ने ।

३. त्रिफला राष्ट्रिय पुस्तकालय, केन्द्रीय कार्यालय मेचीनगर झापाबाट २०७५।०५।१५ गतेका दिन पुस्तकालय दिवसको कार्यक्रम सम्पन्न गरेको कार्यक्रम खर्च वापत रु. ३०,०००।०० कार्यालयको पूँजीगत कार्यक्रममा आगामी नगर सभामा समायोजन भएपछि  भुक्तानी दिने ।

**निर्णय नं. १०.** मेचीनगर नगरपालिकाको विभिन्न वडाहरुको नयाँ कार्यालय व्यवस्थापन गर्नु परेको तथा नयाँ भवन समेत बनेको सन्दर्भमा सो वडाको लागि फर्निचर, फ्लोरिङ, मेसिनरी उपकरण आदि व्यवस्थापन गर्न चालु आ. व. २०७५।०७६ को स्वीकृत कार्यक्रममा बजेट व्यवस्था नभएकोमा हाललाई सामग्री व्यवस्थापन गर्ने र आगमी नगर सभाबाट कार्यक्रम र बजेट व्यवस्था गरी भुक्तानी व्यवस्था मिलाउन निर्णय गरियो ।

**निर्णय नं. ११.** मेचीनगर नगरपालिकाको कार्यालय परिसरमा निर्माणाधिन सभा हल ठेक्का नं. ०७।०७४।७५।मेची, कठायत निर्माण सेवा भद्रपुर निर्माण सेवा भद्रपुर नगरपालिका वडा नं. ११, झापा सँग मिति २०७५।०३।०४ मा रु. ३२,७९,५७९।९१ ( मू. अ. करसहित ) मा संझौता भई निर्माण कार्य हुँदा प्रारम्भिक डिजाइन ड्रइङ्गमा फ्लोरको उँचाइ निर्माणस्थलबाट ९० से. मि. माथि रहेकोमा सोलाई १.५ मिटर सम्म उचाइ नबनाउँदा कार्यालय परिसरभित्रको पानी समेत सभा हलभित्र छिर्न सक्ने हुँदा  तथा प्रस्तावित बरण्डाको चौडाइ ६ फिट बाट ९ फिट बढाउनुपर्ने हुँदा डिजाइन ड्रइङ्गमा नै परिवर्तन गर्नुपर्ने आवश्यकता देखिएकोले उक्त थप कामको भेरिएसन अर्डर जारी गर्ने कार्यका लागि सार्वजनिक खरिद (संशोधनसहित) नियमावली, २०६४ को नियम ११८ को उपनियम (२) को खण्ड (क) अनुसार पेश हुन आएको भेरिएसन अर्डर रु. ५,५९,४२०।४९ (मू. अ. करसहित) को भेरिएसन अर्डर स्वीकृत गर्ने र स्वीकृत कार्यक्रममा बजेट अपुग भएमा आगमी नगर सभाबाट बजेट व्यवस्था समेत गरी भुक्तानी व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२.** मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय झापाबाट विगतदेखि स्थायी कर्मचारीहरुलाई नगर सभाको निर्णयबाट निर्धारित तलबस्केलको १०% ले हुने रकम स्थानीय भत्ताको रुपमा उपलब्ध गराउँदै आएको सन्दर्भमा हाल नगरपालिकाको आन्तरिक आम्दानी न्यून भएको र स्पष्ट कानुनी व्यवस्था समेत नभएको अवस्थामा यी दुवैको स्पष्टता भएपछि मात्र निर्णय गरी कार्यान्वयन हुन उचित हुने भएकोले हाललाई वि. सं. २०७५ साल कार्तिक महिनादेखि कार्यालयबाट भुक्तानी नभएको व्यहोरा बैठकमा जानकारी भयो  ।

**निर्णय नं. १३.** मेचीनगर नगरपालिकाको आगमी हिउँदे नगर सभामा पेश हुने ऐनको मस्यौदा कार्यपालिकाबाट पारित गर्ने प्रयोजनको लागि विषयगत समितिहरुबाट तयार गरी कार्यपालिका बैठकमा प्रस्तुत हुन सबै समितिहरुलाई अनुरोध गर्ने निर्णय गारियो ।

**निर्णय नं. १४.** मेचीनगर कार्यपालिकाको नियमित बैठकको लागि यसअघि निर्धारित समयको समीक्षा गर्दै अब उप्रान्त हरेक महिनाको ८ गते ( आगमी महिनादेखि लागु हुने गरी ) विहान ८.०० बजे कार्यालयको तालिम हलमा बस्ने र सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही समयमा यथास्थानमा बस्ने व्यवस्था गर्न निर्णय गरियो ।

**निर्णय नं. १५.** मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यलयबाट सम्पादन गरिएका तथा अन्य निकायबाट प्राप्त सशर्त अनुदानका देहायका कार्यहरुको बैठकमा जानकारी गरियो । साथै सो कार्यक्रमहरु कार्यलयबाट प्रचलित ऐन, नियमानुसार तदारुकताकासाथ कार्यान्वयनमा लैजान समेत निर्णय गरियो ।

१. नेपाल सरकार, तराई मधेस समृद्धि कार्यक्रमबाट स्वीकृत निम्न दुईवटा कार्यक्रम

क. डिगेन प्रा. वि. हुँदै दुवागढी जोड्ने मार्गमा पुल निर्माण वडा नं. १५ मा रु.८५,००,०००।००

ख. हिले खोला र सारु खोला कल्भर्ट निर्माण वडा नं. १ मा रु. ४७,००,०००।००

२. १ नं. प्रदेश सरकारबाट देहायानुसार अख्तियारी प्राप्त भएको

क. गोकुलमार्ग कालोपत्रे रु. १,३०,००,०००।००

ख. दूधे सिँचाइ  मर्मत रु. २०,००,०००।००

ग. पर्यटकीय होमस्टे कार्यक्रम रु. २०,००,०००।००

३. टिमाई, निन्दा र मेची नदीका विभिन्न स्थानमा जिल्ला समन्वय समितिको कार्यालय, झापाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनअनुसारको नदिजन्य निर्माण सामग्री उत्खनन्, संकलन र विक्रि वितरण गर्न श्री विनिता ट्रेड एण्ड सप्लायर्स प्रा. लि. ईटहरी, सुनसरीका श्री भीमबहादुर पौडेलसँग मू. अ. कर र अग्रिम आयकर आन्तरिक राजस्व कार्यालयमा ठेकेदारले नै दाखिला गर्ने गरी रु. ५,०४,९०,६००।०० मा ठेक्का संझौता भएको छ। उक्तमध्ये बुद्धशान्ति गाउँपालिकासँग सिमाना जोडिएको नदीको मात्र नदीजन्य निर्माण सामग्रीको परिमाणको हकमा यसै नगरपालिकाबाट ठेक्का लगाई ४८% उक्त गाउँपालिका र नगरपालिकाले ५२% हिस्सा लिने निर्णय भएको ।

**निर्णय नं. १६.** संघीय मामिला तथा सामान्य प्रशासन मन्तालय, कर्मचारी  समायोजन शाखा, सिंहदरबार, काठमाडौंको च. नं. २५, मिति २०७५।०८।२५ को यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई लेखिएको पत्रमा साविकको स्थानीय निकायकाबाट स्थानीय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई सम्बन्धित स्थानीय तहले अध्यादेश प्रारम्भ भएको मितिले १० दिनभित्र समायोजन  भएको पत्र दिई सोको जानकारी मन्त्रालयलाई दिनुपर्नेछ भन्ने व्यवस्थाअनुसार अध्यादेशको दफा ६ को उपदफा (४) बमोजिम आफ्नो कार्यपालिकाबाट निर्णय गराई सम्बन्धित कर्मचारीहरुलाई निजहरुको स्थायी नियुक्ति पत्रको सक्कल प्रति रुजू गरी १० दिनभित्र समायोजन भएको पत्र  दिई सोको जानकारी मन्त्रालयमा दिनुपर्ने भएको सन्दर्भमा उल्लिखित विवरण भिडाई प्रमुख प्रशासकीय अधिकृतले सबै स्थायी कर्मचारीहरु कसैलाई पनि नछुटाई समायोजन गरी पत्र दिन निर्णय गरियो ।

**निर्णय नं. १७.** मेचीनगर नगर कार्यपालिकाको कार्यालयमा विगतदेखि अस्थायी तथा करार र सेवा करारमा भूलबस ५८ वर्ष उमेर पूरा भइसकेका व्यक्तिहरु समेत कार्यरत सेवा करार र करार सेवाका कर्मचारीहरुको सेवा निरन्तरता गर्न कानुनतः उपयुक्त नभएको हुँदा निजहरुको सेवा करार विस्तार नगरिएको व्यहोरा कार्यालयबाट बैठकमा जानकारी भयो । साथै, निजहरुलाई र सेवा अलग भएका अन्य सेवा करारका कर्मचारीलाई (१ वर्ष मात्र भएमा १ महिनाको मात्र) संघीय सरकारको सरकारको नीतिअनुसार नगरपालिकाको कर्मचारी कल्याण कोषबाट निजहरुले खाईपाई आएको रकम अधिकतम् ३ महिना बराबरको पारिश्रमिक प्रोत्साहनस्वरुप उपलब्ध गराउन निर्णय गरियो । साथै यस्तै कानुनअनुसार सञ्चालित सार्वजनिक सेवा प्रवाह गर्ने सरकारी कार्यालयबाट नगरपालिकाको कार्य क्षेत्रमा रहेका कार्यालयहरु जस्तै : अस्पताल, सामुदायिक विद्यालय लगायतका सँस्थामा तोकिएको उमेर हदभन्दा बढी उमेर भएका करार सेवाका कर्मचारीहरु समेतलाई सेवा अलग गर्ने, गराउने व्यवस्थाका लागि आवश्यक कारवाही कार्यालयबाट अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १८.** विश्व बैंकलगायतका विभिन्न कार्यक्रममार्फत् र अन्य कार्यक्रमका बारेमा हालसम्म भए गरेका कार्यहरु प्रमुखज्यूबाट जानकारी भयो ।

**निर्णय नं. १९.** औद्योगिक फोहर र प्लाष्टिकजन्य फोहर खुला रुपमा जलाउन नपाउने कानुनी व्यवस्था भएको र सो कार्यान्वयन गर्न सम्बन्धित निकायबाट समेत लेखिआएको हुँदा आफ्नो कार्यक्षेत्रमा सबैले प्रचार प्रसार र नियमन हुन निर्णय गरियो ।

**निर्णय नं. २०.** मेचीनगर नगरपालिका क्षेत्रमा विभिन्न स्थानमा देहायका विविध धार्मिक तथा साँस्कृतिक कार्यक्रम सञ्चालन गर्न नगरपालिकामा हालसम्म निवेदन दिने व्यक्ति तथा सँस्थाहरुलाई तोकिएअनुसारका कार्यक्रम नेपाल सरकार वा कानुनबाट निःषेध गरेका काम नगर्ने, नगराउने गरी विशुद्ध मानवीय, सामाजिक तथा साँस्कृतिक र आर्थिक कार्यक्रम सञ्चालन गर्न अनुमति उपलब्ध गराउन निर्णय गरियो ।

**तपसिल**

१. विश्व सेवा विस्तार सँस्था काँकडभिट्टा, झापाबाट मानव वेचविखन विरुद्धको सीमा कार्यक्रमअन्तर्गत झापा जिल्लाको काँकडभिट्टामा नेपालबाट भारततर्फ जाने चेलीबेटीहरुसँग सोधपुछ, अनुसन्धान, चेकजाँच, वेचविखनलाई रोकथाम तथा उद्धार कार्यक्रमका लागि जनचेतनामूलक कार्यक्रम ।

२. नेपाल मानव धर्म सेवा समितिबाट २०७५ साल फागुन महिनामा शिवरात्रीको पावन अवसरमा मेचीनगरपालिका वडा नं. ८ को समितिको श्रद्धेय आश्रम पश्चिम पट्टि निन्दा नदीको किनारमा सत्सङ, प्रवचन समेत कार्यक्रम सञ्चालन गर्न ।

**निर्णय नं. २१.** कार्यालय, वडा कार्यालय र सार्वजनिक स्थलमा नगरपालिकाको कामको सचेतना र नागरिक बडा पत्र राखी सेवा प्रवाह गर्ने र सो लागत रकम नगरपालिकाको स्वीकृत कार्यक्रम र बजेटको मिल्दो शीर्षकबाट भुक्तानी हुन निर्णय गरियो ।

**निर्णय नं. २२.** मेचीनगर नगर कार्यपालिकाको कार्यालयअन्तर्गतका धुलावारी स्वास्थ्य केन्द्र, १४ नं. वडा कार्यालय र अन्तर्गतको कार्यालयको समेत बजेट अभावका कारण टेलिफोनहरुको लामो समयदेखि महसुल भुक्तानी नभएबाट सेवा रोक्का भएकोमा एकपटकको लागि बक्यौता महसुल भुक्तानी मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट तोकिएको बजेट शीर्षकबाट भुक्तानी गर्न र बजेट अपर्याप्त भए र अवउप्रान्त मितव्ययीतवरले बक्यौता नरहने गरी सेवा उपयोग गर्न निर्देशन गर्ने निर्णय गरियो

**निर्णय नं. २३.** धुलाबारी स्वास्थ्य केन्द्र मोफसलमा रहेर स्वास्थ्य जस्तो सम्बेदनशील क्षेत्रमा सेवा गरिरहेको साझा सँस्था हो । केन्द्रमा पर्याप्त आम्दानी नभएकोले खानेपानीको बक्यौता रकम धेरै भएको र अव पनि भुक्तानी हुन नसक्ने अवस्था भएकोले धुलाबारी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिसँग अन्य विकास निर्माणको काममा सहकार्य गर्दै जाने गरी उक्त केन्द्रको खानेपानी महसुल बक्यौता मिनाहा गर्न र निःशुल्करुपमा खानेपानी आपूर्ति व्यवस्था गरी सहयोग हुन अनुरोध गर्ने निर्णय गरियो । । यसै गरी नगरपालिका क्षेत्रमा रहेका अन्य स्वास्थ्य चौकीहरुमा समेत खानेपानी आपूर्ति व्यवस्था निःशुल्करुपमा गरी सहयोग गरिदिनुहुन सम्बन्धित खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुमा विशेष अनुरोध गर्न समेत निर्णय गरियो ।

**निर्णय नं. २४.** तोकिएको घर बहाल कर लगायतको राजस्व संकलन गर्न नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालयबाट समेत अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५.** मेचीनगर नगरपालिका वडा नं. १, २ र ३ विशेष हात्ती पीडित वडा भएकोले बजेट उपलब्ध भएसम्म प्राथमिकता दिई विद्युत पोल विस्तारलगायतमा बजेट विनियोजन गर्न निर्णय गरियो ।

**निर्णय नं. २६.** मेचीनगर नगरपालिका वडा नं. ११ मा बहुआयमिक संग्रहालय र वडा नं. १४ मा खेल मैदान निर्माण गर्न जग्गा प्राप्ति प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।